नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००३१८
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७८/७९
चलानी नम्बरः- ९२

मितिः- २०७८/०६/११

विषयः- लेखापरीक्षण एवं सम्परीक्षण गराउने बारे ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अन्तगर्तका (विभाग),
/आयोजना/कार्यक्रम/समिति/प्रतिष्ठान, सबै) ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै ।
श्री स्थानीय तह, सबै ।

उपरोक्त विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. ३११/१३६२ मिति २०७८/०५/२७ को पत्रानुसार महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका कार्यान्वयन गराउने सम्बन्धमा आर्थिक वर्ष २०७७/७८ को काठमाण्डौ उपत्यकाबाहिर ३३ वटा जिल्लामा २०७८ भाद्र तेश्रो हप्ताबाट एकल वा संयुक्त लेखापरीक्षण टोली स्थलगत रुपमा लेखापरीक्षण/वक्यौता लेखापरीक्षण तथा गत विगत वर्षहरुको बेरुजु समेत सम्परीक्षण हुने भएकोले नियमानुसार आवश्यक कागजातहरु, प्रमाणित आर्थिक विवरणहरु एवं अन्य आवश्यक वित्तीय प्रतिवेदनहरु समयमा नै आन्तरिक लेखापरीक्षण सम्पन्न गराई आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी अन्तिम लेखापरीक्षण गराउन हुन निर्णयानुसार अनुरोध छ ।

१. बक्यौता लेखापरीक्षणः- स्थलगत लेखापरीक्षणका क्रममा बक्यौता लेखापरीक्षण समेत हुने भएकोले बक्यौता लेखपारीक्षण गर्न बाँकी रहेको छ भने सो समेत लेखापरीक्षण गराउनु हुन ।
२. सम्परीक्षणः- स्थलगत लेखापरीक्षणको क्रममा नै लेखापरीक्षण डोरबाट सम्परीक्षण गरिने हुँदा गत विगत वर्षहरुको बेरुजुहरु सम्परीक्षणका लागि समयमा नै श्रेस्ता कागजातहरु पेश गरी सम्परीक्षण गराई बेरुजु शून्य बनाई सो को जानकारी यस मन्त्रालयलाई गराउनु हुन ।
३. आयोजना हिसावः- Project Account तयार गर्नु पर्ने कार्यालय भए सम्बन्धित दातृ संस्थासँग भएको सम्झौता अनुसार उपलब्ध गराउनु पर्ने आयोजना हिसाव तथा आवश्यक कागजातहरु समयमा उपलब्ध गराउनु हुन ।
४. उक्त अवधिमा कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख लगायत सम्बन्धित कर्मचारी एवं प्राविधिक कर्मचारीहरु र अन्य कर्मचारीहरु समेत अनिवार्य रुपमा कार्यालयमा उपस्थित भै सहयोग गरी दिनु हुन साथै लेखापरीक्षणको अवधिभर मन्त्रालयबाट विदा वा काज स्वीकृत नहुने र मन्त्रालयको आदेश बेगर कार्यालय प्रमुख विदा वा काजमा नबस्ने एवं अन्य जिम्मेवार कर्मचारी समेतलाई विदा वा काज नछोडने व्यवस्था मिलाउनु हुन ।